# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, फागुन २०गते २०४७ साल (अतिरिक्ताङ्क ५८

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. २२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सम्पत्ति कर लगाउने र असूल उपर गर्ने व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : प्रचलित कानून बमोजिम सम्पत्ति कर लगाउने तथा असूल उपर गर्ने कार्य प्रणालीलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सम्पत्ति कर ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सम्पत्ति" भन्नाले नगदी वा जिन्सीका रूपमा रहेका र स्वामित्व हस्तान्तरण गर्न सकिने सबै किसिमका चल अचल सम्पत्ति सम्झनु पर्छ र सो शब्दले करदाताको बैंक एकाउण्ट र लगानीलाई समेत जनाउँछ ।

(ख) "कर" भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम लागेको वा लाग्ने सम्पत्ति कर सम्झनु पर्छ ।

(ग) "करदाता" भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम सम्पत्ति कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्ति वा कर अधिकृतले यस ऐन बमोजिम सम्पत्तिको विवरण दाखिला गराउन सूचना दिएको वा अरू कुनै कारवाही गरिएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "लगानी" भन्नाले शेयर, सेक्यूरिटी, स्टक, बण्ड, डिबन्चर र साझेदारी फर्ममा गरिएको जुनसुकै किसिमको नगदी वा जिन्सी लगानी सम्झनु पर्छ ।

(ङ) "महा-निर्देशक" भन्नाले कर विभागका महा-निर्देशक सम्झनु पर्छ ।

(च) "कर निर्धारण" भन्नाले अस्थायी कर निर्धारण, पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारण समेत सम्झनु पर्छ ।

(छ) "कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकारले नियुक्त गरेको कर अधिकृत, वरिष्ठ कर अधिकृत, प्रमुख कर अधिकृत वा यो ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी श्री ५ को सरकारले नियुक्त गरेको अन्य कुनै अधिकृत सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "व्यक्ति" भन्नाले कुनै उद्योग, व्यापार, पेशा वा व्यवसाय गरी आयकर तिर्नु पर्ने कर्तव्य भएको कुनै व्यक्ति वा शेयर खुला रूपमा खरिद बिक्री नहुने कम्पनीमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।

(झ) "परिवार" भन्नाले पति पत्नी र अंश छुट्टिएका वा नछुट्टिएका नाबालक छोरा छोरी सम्झनु पर्छ ।

(ञ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्मलाई सम्झनु पर्छ ।

(ट) "कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम संस्थापन भएको कम्पनी वा संगठित संस्थालाई सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. कर अधिकृतको नियुक्ति र अधिकार प्रत्यायोजन : (१) यस ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकारले आवश्यक संख्यामा कर अधिकृतहरू नियुक्त गर्न सक्नेछ ।

(२) कर अधिकृतको कार्यक्षेत्र श्री ५ को सरकारले तोके बमोजिम हुनेछ । श्री ५ को सरकारले आवश्यक देखेमा कुनै एक अधिकृतको कार्यक्षेत्रभित्र पर्ने काम कारवाही अर्को कर अधिकृतद्वारा पनि गराउन सक्नेछ ।

(३) यो ऐन लागू हुनुभन्दा अघि नियुक्त भइरहेका कर अधिकृतहरू यस ऐन अन्तर्गत नियुक्त भएको मानिनेछ ।

(४) कर अधिकृतले आफ्नो अधिकार मध्ये सबै वा केही अधिकार आफू मुनिका कर्मचारीलाई आफ्नो सामान्य रेखदेख तथा नियन्त्रणमा सुम्पन सक्नेछ ।

(५) श्री ५ को सरकारले यो ऐन बमोजिम आफूले पाएको अधिकार मध्ये सबै वा केही अधिकार महा-निर्देशक वा कर अधिकृतलाई सुम्पन सक्नेछ ।

(६) कर अधिकृतले आफ्नो अधिकार आफू मुनिका कर्मचारीलाई सुम्पने सम्बन्धमा श्री ५ को सरकारबाट खास निर्देशन भएमा सोही बमोजिम गर्नु पर्नेछ ।

४. सम्पत्ति कर निर्धारण र असूल उपर गर्ने : (१) साल बसाली वा कुनै एक सालको निमित्त सम्पत्ति कर लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो सम्पत्ति कर यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्धारण गरी असूल उपर गरिनेछ ।



६२४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै व्यक्तिको सम्पत्ति विभिन्न ठाउँमा भएमा त्यस्तो सबै सम्पत्तिको विवरण लिई बेग्ला बेग्लै मूल्याङ्कन गरी सबै सम्पत्तिलाई यो ऐनको प्रयोजनको लागि एउटा इकाई (यूनिट) मानी सम्पत्ति कर निर्धारण गरिनेछ ।

(३) प्रत्येक सालको श्रावण १ गतेका दिन जसको स्वामित्वमा सम्पत्ति रहेको छ सो आर्थिक वर्षको निमित्त सोही व्यक्तिको नाउँमा सम्पत्ति कायम रहेको मानी कर निर्धारण गरिने छ र एक भन्दा बढी व्यक्तिहरूको संयुक्त स्वामित्वमा सम्पत्ति रहेको भए संयुक्त स्वामित्व भएका व्यक्तिहरूका नाउँमा सम्पत्ति कायम रहेको मानी दामासाहीको हिसाबले कर निर्धारण गरिनेछ ।

५. सम्पत्ति नमानिने: (१) अनुसूची– १ मा उल्लिखित मालवस्तुहरू सम्पत्ति करको प्रयोजनको लागि सम्पत्ति मानिने छैन ।

(२) अनुसूची– २ मा उल्लिखित सम्पत्तिहरू सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको मूल्याङ्कनमा समावेश गरिने छैन ।

६. सम्पत्तिको मूल्याङ्कन गर्ने तरिका: सम्पत्ति करको प्रयोजनको निमित्त प्रचलित कानूनले सम्पत्तिको मूल्याङ्कन गर्ने तरिका तोकेको भए सोही बमोजिम र सो नभए तोकिए बमोजिम कर अधिकृतले सम्पत्तिको मूल्याङ्कन गर्नेछ ।

७. विवरण दाखिला गर्ने कर्तव्य: (१) यो ऐन वा प्रचलित कानून बमोजिम सम्पत्ति कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्तिले प्रत्येक सालको आश्विन मसान्तसम्ममा आफ्नो र आफ्नो परिवारको नाउँमा भएको सम्पत्तिको विवरण आफू बसोबास गरेको क्षेत्रको कर अधिकृत छेउ वा सबै भन्दा बढी सम्पत्ति भएको क्षेत्रको कर अधिकृत छेउ तोकिएको ढाँचामा दाखिला गर्न् गराउनु पर्नेछ ।

तर आर्थिक वर्ष २०४७।०४८ को लागि सम्पत्तिको विवरण २०४८ साल असार मसान्तभित्र पेश गर्न सकिनेछ ।

(२) नेपाल अधिराज्य बाहिर बसोबास गरेका व्यक्तिले त्यस्तो विवरण काठमाडौंको कर अधिकृत छेउ दाखिल गर्न् गराउनु पर्नेछ ।

(३) एक भन्दा बढी व्यक्तिहरूको स्वामित्वमा रहेको सम्पत्तिको विवरण त्यस्तो संयुक्त स्वामित्व भएका व्यक्तिहरू मध्ये कुनै एक व्यक्तिले दाखिल गर्न सक्नेछ ।

८. सम्पत्तिको विवरण दाखिला गराउने अधिकार: यो ऐन वा प्रचलित कानून बमोजिम सम्पत्ति कर लाग्ने सम्पत्ति भएको भनी कुनै व्यक्ति उपर शङ्का लागेमा



६५२ ६६०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर अधिकृतले त्यस्तो व्यक्तिलाई आफ्नो सम्पत्तिको विवरण दाखिल गर्न गराउन भनी लिखित आदेश दिन सक्नेछ । सो आदेश पाएको मितिले पैंतीस दिनभित्र आफ्नो सम्पत्तिको विवरण तोकिएको ढाँचामा कर अधिकृत समक्ष दाखिल गर्नु गराउन पर्नेछ ।

तर पैंतीस दिनभित्र पनि विवरण दाखिल गर्न गराउन नसक्ने करदाताले सो कुराको लिखित सूचना म्यादभित्रै कर अधिकृतलाई दिनु पर्नेछ र सो कारण कर अधिकृतलाई मनासिब लागेमा निजले बढीमा एक महिनासम्मको थप म्याद दिन सक्नेछ ।

९. सम्पत्तिको विवरण संशोधन गर्न पाउने: (१) करदाताले सम्पत्ति विवरण पेश गरी सकेपछि त्यस्तो विवरणमा गल्ती भएको कुरा करदातालाई पछि थाहा हुन आएमा त्यस्तो गल्ती हुन गएको कारण वा आधार प्रष्ट खुलाई निजले संशोधित विवरण पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा संशोधित विवरण पेश गर्न पाइने छैन:–

(क) दफा १० बमोजिम भएको कर निर्धारण आदेश प्राप्त गरेको एक वर्ष नाघेमा ।

(ख) दफा २० बमोजिम श्री ५ को सरकारबाट कारवाही हुन लागेको सूचना प्राप्त भएमा ।

(३) उपदफा (१) बमोजिम करदाताले संशोधित सम्पत्ति विवरण एक आर्थिक वर्षमा एक पटक भन्दा बढी पेश गर्न पाउने छैन ।

(४) कर निर्धारण भई सकेपछि पेश गरेको संशोधित सम्पत्ति विवरणको आधारमा पुनः कर निर्धारण हुँदा पहिले निर्धारित कर रकममा फरक पर्न गएकोमा त्यसरी फरक परेको रकमको दश प्रतिशत थप शुल्क लाग्नेछ ।

१०. कर निर्धारण गर्ने: (१) करदाताको सम्पत्ति विवरण प्राप्त भएपछि कर अधिकृतले सम्पत्ति विवरण प्राप्त भएको आर्थिक वर्षको लगत्तै पछिको आर्थिक वर्षभित्र कर निर्धारण गरी सक्नु पर्नेछ र सो अवधिभित्र कर निर्धारण गर्न नसकिएमा कर अधिकृतले कारण खुलाई महा-निर्देशकलाई सूचना गर्नु पर्नेछ । त्यस्तो सूचना प्राप्त भएपछि महा-निर्देशकले सम्पत्ति विवरण पेश भएको मितिले तीन वर्षभित्रै कर निर्धारण गरी सक्नु पर्ने गरी आवश्यकता अनुसार म्याद थप गर्न सक्नेछ ।



६४३ ६६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) करदाताले सम्पत्तिको विवरण दाखिल नगरेमा वा झुट्टा विवरण दाखिल गरेको ठहरेमा कर अधिकृतले देहायको कुनै आधारमा सम्पत्तिको मूल्य कायम गरी कर निर्धारण गर्न सक्नेछ ।

(क) कर अधिकृतले त्यस्तो करदाताको सम्पत्ति सम्बन्धी विषयमा प्राप्त गरेको वा सङ्कलन गरेको सबूद प्रमाण,

(ख) करदाताको सम्पत्ति विषयमा कर कार्यालयमा प्राप्त भएको कुनै सबूद प्रमाण सहितको प्रतिवेदन वा आधार ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको निमित्त "झुट्टा विवरण" भन्नाले दफा २० को उपदफा (१) मा तोकिएको कुनै वा सबै अवस्थालाई जनाउँछ ।

(३) उपदफा (२) बमोजिम सम्पत्तिको मूल्य कायम गर्दा कर अधिकृतले त्यसरी मूल्य कायम गर्नु परेको आधार प्रष्ट खुलाई करदातालाई लिखित सूचना दिई आफ्नो सम्पत्ति सम्बन्धमा केही कुरा भन्न वा सबूद प्रमाण पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(४) कुनै व्यक्तिले यस ऐन बमोजिम दाखिल गर्नु पर्ने सम्पत्तिको विवरण दाखिल गरेपछि सो विवरणको छानबिन गर्दा अनुसूची–२ बमोजिम सम्पत्तिको मूल्यमा समावेश गर्नु नपर्ने सम्पत्ति मात्र भएको ठहर्न आएमा त्यस्तो सम्पत्तिको कर निर्धारण नगरी कर नलाग्ने प्रमाण-पत्रसम्म सम्बन्धित व्यक्तिलाई उपलब्ध गराइनेछ ।

११. सम्पत्तिको मूल्यबाट कट्टा गरिने: (१) कर निर्धारण गर्ने प्रयोजनको लागि करदाताको जुन वर्षको सम्पत्तिको मूल्याङ्कन गरिने हो सो वर्षको लगतै अघिल्लो वर्षमा प्राप्त गरेको देहाय बमोजिमका रकमहरू सम्पत्तिको मूल्यबाट कट्टा गरी खूद सम्पत्ति कायम गरिनेछ:–

(क) कर लाग्ने सम्पत्तिको स्वामित्व प्राप्त गर्न बैंक, वित्तिय संस्था वा अन्य कुनै व्यक्ति वा संस्थासँग रजिष्ट्रेशन पारित गरी लिएको ऋण ।

(ख) जीवन बीमा वा दुर्घटना बीमा वापत भुक्तानी पाएको रकम ।

(ग) कुनै उल्लेखनीय सार्वजनिक सेवा वा कार्य गरे वापत प्राप्त गरेको नगदी वा जिन्सी पुरस्कार ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) कर्मचारी सञ्चय कोषबाट भुक्तानी पाएको रकम ।
(ङ) नागरिक लगानी कोषबाट भुक्तानी पाएको रकम ।
(च) उपदान वा निवृत्तिभरण वापत भुक्तानी पाएको रकम ।
(छ) स्वदेशी कम्पनी वा संस्थाहरूबाट प्राप्त गरेको लाभांश ।
(ज) सम्पत्ति कर नलाग्ने गरी श्री ५ को सरकारले जारी गरेको ऋण-पत्रको भुक्तानी रकम ।
(झ) विदेशबाट ल्याएको परिवर्त्य विदेशी मुद्रा बराबरको रकम ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकमहरू करदाताले पेश गरेको सम्पत्ति विवरणमा उल्लेखित सम्पत्तिमा समावेश भएको कुरा पुष्टी भएमा मात्र सम्पत्तिको मूल्यबाट कट्टी गरिनेछ ।

१२. सम्पत्ति करको भुक्तानी: (१) यस ऐन बमोजिम कर निर्धारणको आदेश प्राप्त भएपछि करदाताले सो आदेश प्राप्त भएको मितिले पैंतीस दिनभित्र सोही आदेशमा तोकिएको बैंक वा कार्यालयमा कर रकम दाखिल गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र कर दाखिल नगर्ने करदातालाई त्यस्तो करको वार्षिक पन्ध्र प्रतिशत शुल्क लाग्नेछ । बाँकी कर र शुल्क समेतको रकम कर अधिकृतको सूचना अनुसार तोकिएको अधिकारी वा कार्यालयबाट निम्नलिखित कुनै वा सबै तरिका अपनाई असूल उपर गर्न सकिनेछ:–

(क) करदाताको चल वा अचल सम्पत्ति रोक्का गर्ने वा कब्जा गर्ने ।
(ख) करदाताको नाममा कुनै सरकारी कार्यालय वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थामा रहेका धरौटी वा त्यस्तो कार्यालय वा संस्थाबाट करदातालाई तिर्नु बुझाउनु पर्ने रकम रोक्का गर्ने वा त्यस्तो रकम कर कार्यालयमा दाखिल गर्न लगाउने ।
(ग) करदाताको चल वा अचल सम्पत्ति सबै वा केही एकै पटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गर्ने ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम करदाताको सम्पत्ति लिलाम बिक्रीको कारवाही शुरू गरेपछि लिलाम बिक्री समाप्त हुनु अगावै बाँकी रकम दाखिल गर्न ल्याएमा लाग्ने कर र शुल्कको कूल रकमको सयकडा पाँच प्रतिशतका दरले थप शुल्क लगाई असूल उपर गरिनेछ ।



६५५ ६६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. कर फिर्ता वा मिलान गर्ने: (१) कुन सम्पत्तिमा प्रचलित कानून बमोजिम छुट्टै कर लागेको रहेछ भने त्यस्तो कर करदाताको निर्धारित सम्पत्ति करबाट कट्टा गरिनेछ ।

(२) कुनै करदाताको कुनै आर्थिक वर्षको कर निर्धारण हुँदा अग्रीम दाखिला गरेको कर रकम बढी दाखिल भएको ठहरिन आएमा करदाताले बुझाउन पर्ने अन्य आर्थिक वर्षको कर रकममा मिलान गर्न सक्नेछ र त्यस्तो मिलान गर्न सकिने कर रकम नभएमा कर अधिकृतले सो बढी रकम ६ महिनाभित्र फिर्ता दिई सक्नु पर्नेछ ।

१४. निर्धारित करमा छूट हुने: कुनै करदाताले यस ऐन बमोजिम निर्धारित भएको सबै कर रकम दफा १२ को उपदफा (१) बमोजिमको म्यादभित्र चुक्ता गरेमा त्यस्ता करदातालाई निर्धारित करको पाँच प्रतिशत छूट दिइनेछ ।

१५. छूट वा मिह्ला दिन सक्ने: यस ऐन बमोजिम लागेको वा लाग्ने जरिवाना, शुल्क वा थप शुल्क कुनै खास अवस्थामा छूट वा मिह्ला दिनु पर्ने आवश्यक देखेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो जरिवाना शुल्क वा थप शुल्क आंशिक वा पूर्ण रूपले छूट वा मिह्ला दिन सक्नेछ ।

१६. अदालतलाई भए सरहको अधिकार हुने: (१) यस ऐन बमोजिम दाखिल हुन आएको सम्पत्ति विवरणको जाँचबुझको प्रयोजनको लागि त्यस्तो विवरण दाखिला गर्ने व्यक्तिलाई झिकाउने, बयान लिने, प्रमाण बुझ्ने र कागजपत्रहरू दाखिला गराउने सम्बन्धमा कर अधिकृतलाई प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको सबै अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम आदेश दिंदा कुनै करदाता वा निजको वारेसले कर अधिकृतले मागेको विवरण वा जानकारी नदिएको कारणबाट हुन सक्ने दायित्व समेत उल्लेख गरी करदातालाई सूचना दिई यस ऐन बमोजिम अरू कारवाही गर्न सकिनेछ ।

१७. दोहोरो कर नलगाउने गर्न सम्झौता गर्न सक्ने: कुनै व्यक्तिको कुनै सम्पत्तिमा यस ऐन वा प्रचलित कानून बमोजिम कर लाग्ने व्यवस्था भएको र सोही सम्पत्तिमा विदेशी मुलुकमा पनि कर लाग्ने रहेछ भने त्यस्तो दोहोरो कर नलाग्ने गर्न श्री ५ को सरकारले विदेशी सरकारसँग सम्झौता गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. कागजातहरू गोप्य राख्नु पर्नेः कर अधिकृतले कुनै व्यक्तिको सम्पत्ति कर सम्बन्धमा आफ्नो अधिनमा आएको कागज-पत्र वा अन्य कुनै श्रोतबाट थाहा भएका कुराहरू गोप्य राख्नु पर्नेछ। त्यस्तो कागज-पत्र वा गोप्य कुराहरू सम्पत्ति कर वा अन्य करको प्रयोजनको निमित्त बाहेक अन्य काममा प्रकाश गरिने वा कुनै अदालतमा प्रमाण लाग्ने छैन र अन्तिम कर निर्धारण हुनु अगावै श्री ५ को सरकारको अनुमति विना कुनै अधिकारीले निरीक्षण वा अनुसन्धानको लागि माग गर्न समेत पाउने छैन ।

तर यो ऐनको कार्यान्वियन गर्नु पर्ने कर्तव्य भएको व्यक्तिलाई यो ऐनको प्रयोजनको निमित्त कुनै गोप्य कुरा प्रकाश गर्न आवश्यक भएमा निजलाई त्यस्तो गोप्यता प्रकट गर्न बाधा पर्ने छैन ।

१९. भूल सुधार गर्न सक्नेः (१) कर निर्धारण आदेशमा सम्पत्तिको मूल्याङ्कन गर्दा वा लाग्ने करको हिसाब गर्दा गणित सम्बन्धी भूलले सम्पत्तिको मूल्य वा करको अंक घटी बढी हुन गएको कुरा करदाताको निवेदन परी वा अन्य तवरले थाहा हुन आएमा कर निर्धारण भएको मितिले दुई वर्षभित्र कर अधिकृतले सो भूललाई सच्याई पुनः कर निर्धारण वा अतिरिक्त कर निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार त्यस्तो कर निर्धारण आदेश सच्याउदा लाग्न आउने कर पहिलेको कर निर्धारण आदेश भन्दा कम हुन जाने भएमा त्यस्तो कर निर्धारण आदेश सच्याउनु अघि स्पष्ट कारण खोली पर्चा खडा गरी महा-निर्देशकको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) अनुसार भूल सुधारबाट करको रकम पहिले निर्धारण भएको रकम भन्दा बढी हुने भएमा सो कर निर्धारण आदेश सच्याउनु अघि स्पष्ट कारण खोली करदातालाई लिखित सूचना दिई आफूले तिर्नु पर्ने कर रकम सम्बन्धमा केही कुरा भन्न वा सबूद प्रमाण पेश गर्न पन्ध्र दिनको मौका दिनु पर्नेछ ।

२०. पुनः कर निर्धारण वा अतिरिक्त कर निर्धारण गर्न सक्नेः (१) यो ऐन वा प्रचलित कानून बमोजिम लाग्ने सम्पत्ति करको दायित्व कम गर्ने उद्देश्यले कुनै करदाताले देहाय बमोजिमको कुनै काम कारवाही गरी झुट्टा विवरण पेश गरेको छ भन्ने कुरा श्री ५ को सरकारलाई चित्त बुझेमा श्री ५ को सरकारले सो कर निर्धारण भएको मितिले पाँच वर्षभित्र पुनः कर निर्धारण वा अतिरिक्त कर निर्धारण गर्न आदेश दिन सक्नेछः–


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) भै राखेको कुनै सम्पत्ति पूर्ण वा आंशिक रूपमा दवाएको,

(ख) सम्पत्तिको विवरणलाई पुष्टी गर्न नक्कली कागज-पत्रको सहायता लिएको,

(ग) आफ्नो नाममा नराखी अरू कसैको वा कुनै नक्कली नाममा राखी त्यस्तो सम्पत्तिको उपभोग करदाताले आफै गर्ने गरेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै करदाताले सम्पत्ति विवरणमा स्पष्ट खुलाउन नसकी कुनै कार्यालय, बैंक वा संस्था बुझी एकीन गरी पाउँ भनी उल्लेख गरी दिएको वा करदाताले उल्लेख गरेको सम्पत्तिमा फरक नपरी मूल्य मात्र फरक पर्न गएको ठहरेमा झूट्टा विवरण पेश गरेको मानिने छैन ।

२१. राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने: यस ऐन बमोजिम कर अधिकृतले गरेको कर निर्धारण आदेश वा सजायको आदेशले मर्का पर्ने व्यक्तिले त्यस्तो आदेश प्राप्त गरेको पैंतीस दिनभित्र राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

२२. सम्पत्तिको छानबिन नगरिने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए-तापनि यो ऐन प्रारम्भ भएपछि दाखिल हुने पहिलो वर्षको सम्पत्ति विवरणमा उल्लेख गरिएको सम्पत्तिको सम्बन्धमा श्री ५ को सरकारको आदेश विना सो सम्पत्तिको आर्जन वा श्रोत सम्बन्धी कुनै सोधपूछ तथा छानबिन गरिने छैन ।

२३. लापरवाही गरेमा विभागीय कारवाही गरिने: बदनियत साथ वा लापरवाहीबाट कर निर्धारण गरी करदाताको दायित्व बढन वा घटन गएको ठहरेमा त्यस्तो कर निर्धारण गर्ने कर अधिकृतलाई महा-निर्देशकले निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम सजाय गर्न विभागीय कारवाही चलाउनु पर्नेछ ।

२४. सम्पत्ति विवरण दाखिल नगर्नेलाई सजाय: (१) दफा ७ को उपदफा (१) मा तोकिएको म्यादभित्र सम्पत्ति विवरण दाखिल नगर्ने करदातालाई पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) दफा ८ बमोजिमको आदेश अनुसारको म्यादभित्र सम्पत्ति विवरण दाखिल नगर्ने व्यक्तिलाई लाग्ने करको वार्षिक दश प्रतिशतका दरले जरिवाना हुनेछ ।

(३) उपदफा (२) बमोजिम सम्पत्ति विवरण दाखिल नगर्ने करदाता-लाई कर अधिकृतले सम्पत्ति विवरण दाखिल नगरेसम्म देहायको कुनै वा सबै कारवाही गर्न सक्नेछ:--



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) करदाताको चल वा अचल सम्पत्ति रोक्का वा कब्जा गर्ने,

(ख) करदाताको नाउँमा कुनै सरकारी कार्यालय वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले करदातालाई तिर्नु बुझाउनु पर्ने रकम रोक्का गर्ने,

(ग) करदाताको कारोबार वा निकासी पैठारी रोक्का गर्ने ।

(४) उपदफा (३) बमोजिम कारवाही शुरू गरेको सात दिनभित्र कर अधिकृतले सो कारवाही गर्न लागेको जानकारी महा-निर्देशकलाई दिनु पर्नेछ ।

(५) दफा ७ को उपदफा (१) वा दफा ८ बमोजिमको म्यादभित्र सम्पत्ति विवरण दाखिल नगर्ने करदाताको दफा १० को उपदफा (२) बमोजिम कर निर्धारण गर्न परी सोही दफाको उपदफा (३) बमोजिम म्याद दिएपछि मात्र सम्पत्ति विवरण पेश गर्ने वा सम्पत्ति विवरण नै पेश नगर्ने करदातालाई लाग्ने करको वार्षिक पन्ध्र प्रतिशतका दरले जरिवाना हुनेछ ।

(६) उपदफा (२) वा (५) अनुसार जरिवानाको अंक कायम गर्दा लाग्ने करको रकमबाट दाखिल भै सकेको अग्रीम कर कट्टी गरी असूल गर्न बाँकी करको रकमबाट मात्र जरिवानाको अंक कायम गरिनेछ ।

(७) उपदफा (१), (२) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफाहरू अनुसार जरिवानाको अंकको गणना गर्दा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना नाघेको मितिदेखि गणना गरिनेछ र सो जरिवानाको अंक करदाताले बुझाउन बाँकी करको पचास प्रतिशत भन्दा बढी हुने छैन ।

२५. झुट्टा विवरण दाखिल गर्नेलाई सजायः यस ऐन बमोजिम दाखिल गर्नु पर्ने सम्पत्ति विवरण झुट्टा दाखिल गरे गराएको कारणबाट जे जति कर घटी हुन गएको वा हुन जाने भएको छ सो घटी रकम असूल गरी सोही रकम बराबरको रकमसम्म जरिवाना हुनेछ ।

२६. ऐन नियम उल्लंघन गर्नेलाई सजायः दफा २४ र २५ बमोजिम सजाय हुनेमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम उलंघन गर्ने व्यक्ति, फर्म, कम्पनी, बैंक वित्तिय वा अन्य संस्थालाई कर अधिकृतले बढीमा एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२७. सजाय गर्ने अधिकारीः यस ऐन बमोजिम सजाय गर्ने अधिकार कर अधिकृतलाई हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. हदम्याद नजाने: यस ऐनको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनको दफा १०, १९ र २० बमोजिम कर निर्धारण गर्नु पर्ने हदम्यादको गणना गर्दा देहायबमोजिमको अवधिलाई बाहेक गरी गणना गरिनेछः–

(क) यो ऐन बमोजिम कर अधिकृत वा श्री ५ को सरकारले उठान गरेको कुनै कारवाही रोक्का वा स्थगन राख्न अदालतबाट आदेश भएमा त्यसरी रोक्का भएको अवधि ।

(ख) कर अधिकृतको कर निर्धारण आदेश उपर पुनरावेदन परेकोमा त्यस्तो पुनरावेदनको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभए सम्मको अवधि।

२९. फारामहरू तोक्ने: यस ऐनको प्रयोजनको निमित्त आवश्यक विवरण वा फाराम-हरूको ढाँचा तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म महा निर्देशकले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

३०. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

३१. खारेजी: सम्पत्ति कर ऐन, २०१७ खारेज गरिएको छ ।

## अनुसूची–१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

सम्पत्तिमा समावेश नगरिने माल वस्तुहरू

१. कृषि तथा वन पैदावार, कृषि कार्यको लागि प्रयोग भएको भवन, औजार यन्त्र र उपकरण (ट्रेक्टर समेत) ।

२. जनावरहरू ।

३. जीवन बीमा वापत जम्मा भएको रकम ।

४. कर्मचारीको संचयकोषमा जम्मा भएको रकम ।

५. आफैंले लेखेको किताबको कपिराइट, आविस्कार गरेको वस्तुको पेटेण्ट राइट र डिजाइन ।

६. अध्ययनका लागि राखिएका पुस्तक र शैक्षिक सामग्रीहरू ।

७. बहुमूल्य धातु बाहेक अन्य धातुबाट बनेका भाँडाकुँडाहरू ।

८. घरायसी चलन चल्तीमा रहेका लुगाफाटा र बर बिछौना ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. दैनिक प्रयोगमा ल्याइएका फर्निचर, यन्त्र र उपकरणहरू (टेलिभिजन, भिडियो डेक, रेफ्रिजरेटर, लुगा धुने मेशिन, मूभिक्यामेरा र एयर-कन्डिशन बाहेक)।
१०. पेशागत कार्यमा प्रयोग गरिने औजार, यन्त्र र उपकरणहरू।
११. घरमा राखिएका वा जडान गरिएका सजावटका सामानहरू (बहुमूल्य धातुबाट बनेका र जडान गरिएका बाहेक)।
१२. दैनिक प्रयोगमा ल्याइने बाद्ययन्त्र र संगीतका सामानहरू।
१३. स्वास्थ्य उपचार तथा परीक्षणका लागि घरमा राखिने यन्त्र र उपकरणहरू।
१४. खेलकूद र शारीरिक व्यायाममा प्रयोग गरिने सरसामानहरू।
१५. साईकल, रिक्सा र यस्तै मानिसद्वारा संचालन हुने इन्जिन नभएका सवारी साधनहरू।
१६. सुरक्षाको लागि राखिएको हातहतियार र खरखजानाहरू।
१७. अनुसन्धान कार्यको लागि प्रयोगमा ल्याइने सामानहरू।
१८. चित्रकला र फोटोग्राफी सम्बन्धी सामानहरू।
१९. प्रचलित कानूनमा सम्पत्तिमा समावेश नगरिने भनी तोकिए बमोजिमका अन्य माल वस्तुहरू।

## अनुसूची–२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

### मूल्यांकनमा समावेश नगरिने सम्पत्तिहरू

१. गहना गुरिया समेतको सुन दश तोलासम्म।
२. चाँदी तोला दुईसयसम्म।
३. स्टक इन ट्रेड।
४. औद्योगिक मिल मेशिनरी, यन्त्र उपकरण औजार र उद्योगको प्रयोगमा रहेको गोदाम भवन र त्यसको लगापात।
५. स्वदेशी कम्पनी तथा संस्थानहरूमा लगानी गरेको शेयर र डिबेन्चर।
६. सम्पत्ति कर नलाग्ने गरी श्री ५ को सरकारले जारी गरेको ऋण-पत्र।
७. करदाताको आफ्नो वा आफ्नो परिवारको नाममा रहेको ३००० वर्गफीट सम्मको एउटा घर र सो घरले चर्चेको बढीमा दुई रोपनीसम्मको जग्गा।
८. धार्मिक वा सार्वजनिक हित सम्बन्धी कार्यको लागि प्रयोग गर्न दिइएको जिन्सी सम्पत्ति।



६६७
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मोही लागेको जग्गामा प्रचलित कानून बमोजिम मोहीले पाउने भाग बराबरको जग्गा ।

१०. कृषि कार्यमा प्रयोग भएको देहायको क्षेत्रमा रहेको देहायको हदसम्मको जग्गाः–

(क) भित्री मधेश समेत सम्पूर्ण तराई क्षेत्रमा १० बिगाहा ।

(ख) काठमाडौं उपत्यकामा २० रोपनी ।

(ग) काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ६० रोपनी ।

११. प्रचलित कानूनमा सम्पत्तिको मूल्यांकनमा समावेश नहुने भनी तोकिए बमोजिमका अन्य सम्पत्तिहरू ।

लालमोहर सदर मितिः– २०४७।११।२०।२

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।